# बिर्तामोड नगरपालिका कार्यालय
## विर्तामोड, झापा

प्रकाशित मिति :- २०७२/०५/२९

## करदाताहरूलाई एकीकृत सम्पत्तिको विवरण दाखिला गर्न आह्वान गरिएको सूचना

यस नगरपालिका कार्यालयले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम आ.व.२०७२/०७३ देखि एकीकृत सम्पत्तिकर लागू गरिने भएकाले नगरपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी नगरपालिका कार्यालयमा लगत कायम गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम निशुल्क रुपमा प्राप्त गर्नुभई सो फाराममा सत्य तथ्य विवरण भरी ३५ दिन भित्र यस नगरपालिका कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ। यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन्। नगरपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (जग्गा र घर/संरचनाहरु) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

एकीकृत सम्पत्तिकरको विवरण दाखिला गर्नका लागि नेपाली नागरिकता, जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि र आ.व. २०७१/०७२ सम्मको मालपोत, घरजग्गा कर वा धुरी कर चुक्ता गरेको रसिद पेश गर्नु पर्ने छ। एकीकृत सम्पतिकर बुझाए पछि सो घर/संरचना र जग्गामा मालपोत, भूमिकर र घरजग्गाकर नलाग्ने बेहोरा जानकारी गराईन्छ। चालु आ.ब. ०७२/०७३ को मालपोत, घरजग्गा/घरधुरी कर बुझाई सक्नु भएका करदाताहरुले पनि आफ्नो सम्पत्ति विवरण पेश गरि कर रकम समायोजन (थप/घट) गराउनु हुन समेत अनुरोध गरिन्छ।

विस्तृत जानकारीका लागि
विर्तामोड नगरपालिका
*फोन नं. :- ०२३५४०२४४, ५४५८००*
***Website :- www.birtamodmun.gov.np***